# प्रजातंत्र  –कपिल अधिकारी

यो पुस्तक बेच यो नबेच !
यो लेख यो नलेख
यसरि सवारि चढ , नचढ
यो बस्तु  बेच यो नबेच
ओषति मुलो    पुगै कै  छ
त्यत्रो नर्सिंग होम खुलेकै छ !
कन्दमूल खा वा भोको बस
बाँचेकै छस
एक थाल भातको लागि बहस नगर
लुगा त के साल को पात लगाए पनि  हुंछ
ऋषि मुनि हरु यसरि नै बाँचेका थिए
यति बजे सम्म हिँड यति बजे खुरुक्क  सुत
पजेरो कुद्ने बाटो मा किन साँझमा हिंड्नु पर्यो ?
ट्राफिक जाम गरेर
कुना कुना मा  स्कूल छँदै छ
हड्ताल होस कि ताला
औकात हुने ले
बाहिर पढाएकै छन
के भो र ?
काम को के दु:ख
मलेसिया ,अरब मा त्यत्रो कारखना खुलेकै छ
काम माम माग्ने उतै जंति गए हुंछ
नभए
बन्दुक समाए भै हाल्यो
घरबासि को वा बनबासिको
बोल्न पाएकै छन डलर जीबि हरुले
परजीबि हरुले
डलर झार्ने कुरा
सेवा, बिकाश, बाताबरण, मानब अधिकार
अहा सुन फूल पार्ने कुखुरी !
कुर्सिको तेलकासाले मनोरंजन दिएकै छ
बारमासे गाइजात्रा
जीवन भरि जन सेवि भएका हरुले
नेतृत्व गरेका हरुले
2/4 करोड  असुल्न नपाए
यो के को  प्रजतंत्र ?

घर घर मा मसान छाएको बेला
यो भन्दा शांति के ?
धन्य प्रजातंत्र !
यो प्रजातंत्र लाइ रेबिज लागेछ !